जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

सूचना

जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि

सम्पर्क

९८१५८३०६०१

बर्ष १२ • अंक १६१ • २०८१ चैत्र २० गते बुधवार • 2 Apr. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

# पदस्थापन प्रक्रिया अझै टुङ्गो नलाग्दा स्टाफ नर्सहहरू अन्यौलमा

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १९ चैत्र**

मधेश प्रदेश सरकारले लोकसेवा मार्फत छनोट भएका सहायक पाँचौं तहका स्टाफ नर्सहरूलाई सिफारिस गरेको दुई महिना हुँदा पनि पदस्थापन प्रक्रिया अझै टुङ्गो नलाग्दा स्टाफ नर्सहहरू अन्यौलमा परेका छन्।

गत माघ १९ गतेको सूचना अनुसार स्वास्थ्य सेवा, जनरल नर्सिङ समूह, सहायक पाँचौं तहका १२ जना स्टाफ नर्सहरूलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा स्थायी नियुक्तिका लागि सिफारिस गरिएको थियो। तर सिफारिस गरेको दुई महिना बित्दा पनि पदस्थापन हुन नपाउँदा उहाँहरू अन्योलमा पर्नुभएको हो।




प्रदेश लोकसेवा आयोग मधेश प्रदेशले आर्थिक वर्ष २०७९-८० मा खुलाएको विज्ञापनमा स्वास्थ्य सेवा, जेनेरल नर्सिङ समूह, सहायक पाँचौं तह, स्टाफ नर्स पदको सङ्ख्या माग गरेको थियो। जसबाट १२ जना छनोट भई सिफारिस भएका थिए।

तर, ती १२ जनालाई मन्त्रालयले सिफारिसको डेढ सातापछि मात्र नियुक्ति पत्र दिएको थियो। नियुक्ति पाएका नर्सहरू डेढ महिनादेखि मन्त्रालयमा नै हाजिरी गर्दै आइरहेका छन्। नाम नखुलाउने सर्तमा एक स्टाफ नर्सले पहिलो पटक नाम निकाल्न सफल हुनुभएको उत्साह बेग्लै थियो। तर, डेढ महिनासम्म पदस्थापन नहुँदा उहाँको उत्साह निराशामा बदलिएको बताउनुभयो। उहाँले भन्नुभयो, "मेरो पहिलो जागीर हो, लोक सेवामा नाम निकालेर निकै उत्साहित भएको थिए।

तर, पदस्थापन भएर काम गर्न नपाउँदा मेरो उत्साह निराशामा बदलिएको छ। मन्त्रालयले नियुक्ति पत्र दिनमा पनि डेढ साता लगायो, अब पदस्थापनका लागि पनि आजभोली भन्दै अढाई महिनादेखि मन्त्रालयमा हाजिरी गराउँदै आएका कारण अन्योलमा छु।" यस्तै नियुक्ति पाएका अर्का नर्सले पनि भन्नुभयो, "नियुक्ति पत्र पायौं, तर कहाँ जानुपर्ने भन्ने अन्यौल छ। हाम्रा लागि यो असमञ्जसपूर्ण अवस्था हो।" मन्त्रालयले कहिले पायक पर्ने ठाउँ मिलाउँदै छौं, कहिले पुरानो फाइल हरायो भन्छ। तर, किन ढिलाई गरेको भन्ने यकिन हुन सकेको छैन।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मधेश प्रदेशका निमित्त सचिव राजेशकुमार मिश्रका अनुसार मन्त्रालयले स्टाफ नर्सको माग सङ्ख्या ४ थियो, तर तीन पटक गरी ४/४ जना गरी १२ जना माग गरियो। यस कारण चार जनाको ठाउँमा १२ जनाको नाम सिफारिस हुँदा कसरी मिलाउने भन्ने अन्यौल देखिएको छ। "यो गल्ती मन्त्रालयले माग फारम भर्ने क्रममा गरेको हो, जसले गर्दा अहिले पदस्थापन प्रक्रियामा ढिलाइ भएको छ," निमित्त सचिव मिश्रले भन्नुभयो। यसअघि मन्त्रालयले कर्मचारीको अभावका कारण पदस्थापन प्रक्रियामा ढिलाइ भइरहेको कारण देखाउँदै आइरहको थियो।

यस विषयमा लोकसेवा आयोग मधेश प्रदेशका प्रवक्ता गंगेश गुंजन झाले लोकसेवा आयोगले माग गरे अनुसारकै विज्ञापन खोल्ने स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो,"यदि कुनै त्रुटि भएको भए सम्बन्धित निकायले आयोगलाई जानकारी गराउनुपर्ने थियो, तर अहिलेसम्म त्यस्तो जानकारी आएको छैन। अर्कोतर्फ, परीक्षार्थीहरूबाट पनि कुनै उजुरी आएको छैन।" प्रवक्ता झाका अनुसार जबसम्म कसैले औपचारिक उजुरी गर्दैन, तबसम्म लोकसेवाले कुनै प्रक्रिया अगाडि बढाउन सक्दैन। यदि कसैले उजुरी दर्ता गरायो भने मात्र आयोगले यस विषयमा थप प्रक्रिया अघि बढाउने छ।

# मिथिला नगरपालिका-२ स्थित सुकुमवासी बस्तीमा पानीको चरम सङ्कट



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १९ चैत्र**

धनुषाको मिथिला नगरपालिका-२ स्थित सुकुमवासी बस्तीमा पानीको चरम सङ्कट उत्पन्न भएको छ। बस्तीमा रहेका तीन इनारमध्ये दुई वटामा पानी सुकेपछि समस्या उत्पन्न भएको हो।

स्थानीय हरिदेव महतोले इनार सुकेपछि सुकुमवासी बस्तीमा यस्तो अवस्था आएको बताउनुभयो। तीन इनारमध्ये दुई वटामा पानी सुकेपछि डेढ सयभन्दा बढी घरपरिवार पानीका लागि एउटै इनारमा भर पर्नु परेको उहाँले जानकारी दिनुभयो। स्थानीय हरिदेवले भन्नुभयो, "अलि हुनेखानेले इनारमा मोटर जडान गरेर पानी निकाल्ने गरेका थिए भने नहुनेहरूले बाल्टी र डोरीको सहायताले पानी तान्ने गर्थे। अहिले भने पानी नै नरहेपछि सिङ्गो बस्ती समस्यामा परेको छ। फागुन अन्तिम सातातिर ती दुई वटै इनारको पानी सुकेपछि सबैलाई समस्या भएको छ।" उहाँका अनुसार स्थानीय सरकारले केही महिनाअघि एउटा डिप ट्युबेल गाडे पनि सञ्चालनमा आउन सकेको छैन। डिप ट्युबेल सञ्चालन गर्न विद्युत् ट्रान्सफर्मर जडान, मोटर जडान, पाइपलाइन विस्तारलगायतका काम गर्न बाँकी छ। वडाध्यक्षलगायत सम्बन्धित निकायलाई हामीले ताकिता गरिरहेको उहाँले जानकारी दिनुभयो।

सुक्खायमको सुरुवातसँगै सुकुमवासी बस्तीमा मात्रै नभएर धनुषा जिल्लाको उत्तरी क्षेत्रमा पानीका स्रोत सुक्न थालेका छन्। जिल्लाको बटेश्वर, मिथिला, धनुषाधाम र गणेशमान चारनाथ नगरपालिकामा रहेका नदी, खोल्सी, जरुवा, इनार, चापाकल जस्ता जलस्रोत सुकेका कारण यहाँका बासिन्दाले खानेपानीको चरम सङ्कट भोग्नु परिरहेको छ। इनारको पानी सुक्न थाले पनि पिउने पानी अभावसँगै सिँचाइ समस्याका कारण किसान मर्कामा परेका छन्।

मिथिला नगरपालिका-३, हरिहरपुरका मनोजकुमार महतोले इनार सुकेपछि सिँचाइ गर्न नसकिने हुँदा तरकारी खेती गर्ने योजना रोकिएको बताउनुभयो। मौसमी तरकारी तथा अन्नबाली उत्पादन गरेर आम्दानी गर्दै आएको बताउँदै उहाँले भन्नुभयो, "हामीले सिँचाइका लागि इनार खनेका छौं तर अब त इनारमा पानी नै छैन। खेती गर्न सिँचाइ नभई हुँदैन, आकासे पानीको भर पर्नु परेको छ।" अहिलेसम्म ३० प्रतिशतभन्दा बढी पानीका स्रोत सुकिसकेको उहाँको भनाइ छ। पछिल्ला केही वर्षयता रातु, बडहरी, औरही, जलाद, कमला नदीबाट अनियन्त्रित रूपमा नदीजन्य पदार्थ उत्खनन भइरहेको छ। चुरे पहाडको दोहन र वन विनाश बढ्दै गएकाले जलाधार क्षेत्र सुक्न थालेको स्थानीयवासीको बुझाइ छ। वन निर्देशनालय मधेश प्रदेशका वन अधिकृत सुरेश शर्माले तराई क्षेत्रमा यस वर्ष हिउँदे वर्षा नहुनु पनि जल सङ्कटको प्रमुख कारण बनेको बताउनुभयो। उहाँका अनुसार असोजयता आकासे पानी परेको छैन। सामान्यतः कात्तिक-मङ्सिरमा एकदुई पटक पानी पर्ने गर्थ्यो तर यस पटक पानी नपर्दा जमिनमुनि पानीको सतह झन् तल गएको छ।

# १३ क्विन्टल लागुऔषध गाँजा बरामद



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १९ चैत्र**

महोत्तरीमा पन्ध्र दिनयता करिब १३ क्विन्टल लागुऔषध गाँजा बरामद गरिएको छ। लागुऔषध नियन्त्रण ब्यूरो बर्दिबासको सक्रियतामा गाँजा बरामद गरिएको हो। पहाडी जिल्लाम लुकाइछिपाइ ल्याएको गाँजा बरामद गरिएको ब्यूरोका प्रहरी नायब निरीक्षक सरोजकुमार अधिकारीले जानकारी दिए।

सोमबार साँझ बिपी राजमार्गको बर्दिबास-३ गौरीडाँडास्थित ट्राफिक प्रहरी पोष्ट अगाडि वागमती प्रदेश-०१-००६-ख ५३७१ नम्बरको ट्रक जाँच गर्दा ट्रकको हुटमाथि प्लाष्टिकमा बेरिएको दुई क्विन्टल ३५ किलो गाँजा बरामद गरिएको थियो। गाँजासँगै ट्रक चालक मकवानपुरको थाहा नगरपालिका-७ डाँडाबासका २७ वर्षीय कविराज गोलेलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रेवतीरमण पोखरेलले जानकारी दिए। यसअघि यही चैत ३ गते सोही ठाउँमा सिन्धुलीबाट बर्दिबासतर्फ आइरहेको बा३ख ५८३२ नम्बरको ट्रक जाँचका क्रममा ५४७ किलोग्राम गाँजा बरामद गरिएको थियो। चालक सिन्धुपाल्चोकको बाह्रबिसे-७ का ३७ वर्षीय सलिन मगरलाई पक्राउ गरी कारबाही अघि बढाइएको छ। यस्तै ब्यूरोको टोलीले चैत ८ गते ढल्केबर जनकपुर सडकखण्डको लक्ष्मीनियाँचोकमा मधेस प्रदेश-०३-००२-ख २५२० नम्बरको ट्रक जाँचका क्रममा पाँच क्विन्टल १० किलो गाँजा बरामद गरेको थियो।

यस क्रममा ट्रक चालक मकवानपुरको थाहा नगरपालिका-२ का २५ वर्षीय सञ्जीव सिन्तानलाई पक्राउ गरी आवश्यक कारबाही थालिएको प्रहरीले जनाएको छ। पहाडी जिल्लाबाट ठूलो परिमाणमा गाँजाको ओसारपसार हुँदै आएको छ। गाँजा तस्करले महोत्तरीको बर्दिबासलाई 'ट्रान्जिट प्वाइन्ट' बनाएका छन्। बर्सेनि बर्दिबास सेरोफेरोबाट ठूलो परिमाणमा गाँजा बरामद गरिँदै आएको छ। भरिया र चालक पक्राउ परेपनि मुख्य कारोबारीसम्म प्रहरी पुग्न सकेको छैन।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence


अनियन्त्रित रूपमा नदीजन्य पदार्थ

# गहुँ काट्न किसानलाई भ्याइनभ्याई

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, १९ चैत्र**




सप्तरीका किसानलाई गहुँ काट्ने र भित्र्याउने चटारो छ । जिल्लाको दोस्रो बालिको रूपमा रहेको गहुँ काट्न किसानलाई भ्याइनभ्याई छ। अहिले अन्य कामलाई थाती राखेर भए पनि यहाँका किसान गहुँ काट्न र भण्डारण गर्न व्यस्त छन्।

राजविराज नगरपालिका १ कि ४८ वर्षीया दुर्गादेवी रजकले भन्नुभयो, पाँच कट्ठा जग्गामा गहुँ खेती गरेकी छु। काट्न ढिला भइसक्यो । आजदेखि बल्ल काट्न सुरु गरेका छौं। मलाई र श्रीमानलाई गहुँ काट्न पाँच दिन लाग्छ। दौनी गर्न र सुकाएर राख्न दस दिन समय खर्चिनु पर्ने उहाँले बताउनुभयो । सप्तरीको विष्णुपुर गाउँपालिका ६ कि ४४ वर्षीया रूकमिणी सदाले भन्नुभयो, किसानलाई गहुँ काट्ने र भित्र्याउने चटारो छ। हिजोआज हामी गाउँको खेतमा गहुँ काट्दै गरेको भेटिन्छौं । अहिले यश जिल्लाको खेतहरूमा जता हेर्यो उतै गहुँ काटेको भेटिने गरेको राजविराज नगरपालिका १३ का ५५ वर्षीया अनितादेवी चौधरीले बताउनुभयो। राजविराज नगरपालिका ११ कि अनिता देवी साहले दुई बिघा जग्गामा गहुँ उत्पादन गर्नुभएको छ।

उहाँले लगाउनु भएको गहुँ काट्ने बेला भइसकेकोले आजदेखि काट्न सुरू गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, 'यसपाली गहुँ राम्रो सप्रिएको छ। समय कतिबेला के हुन्छ ? भन्न सकिँदैन । गहुँ काटेर भित्र्याउने काम अहिले हाम्रो पहिलो प्राथमिकतामा छ।'


समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि

## सम्पादकीय...................

## ज्येष्ठ नागरिकप्रतिको दायित्व

*हरेक वर्ष पुस ११ गतेलाई राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका रूपमा मनाउने गरिन्छ । यस वर्ष पनि चौथो राष्ट्रिय ज्येष्ठ नागरिक दिवस 'सभ्य समाजको आधार : ज्येष्ठ नागरिकमैत्री घरपरिवार' भन्ने नाराका साथ सरकारी, गैरसरकारी निकायबाट भव्य रूपमा मनाइयो । विडम्बना आस्थाका धरोहरका रूपमा परिचित ज्येष्ठ नागरिक कतै दुर्व्यवहारको सिकार भएका छन् भने कतै वृद्धाश्रममा दिन काटिरहेका छन् । कतै सन्तानको आड, भरोसा, विश्वासमा परी भएको सम्पत्ति सन्तानको नाममा गरिदिँदा सडकमा अलपत्र हुन पुगेका छन् ।*

*विडम्बना परिवर्तनको वाहकका रूपमा रहेका ज्येष्ठ नागरिकले आर्जन गरेको ज्ञान, सिप, क्षमता र अनुभवलाई पुस्तान्तरण गरी समाज परिवर्तनमा उपयोग गर्ने विषय ऐनमा नै व्यवस्था गरिएको छ । विश्वमा हाल ज्येष्ठ नागरिक (६५ वर्षमाथिका) को सङ्ख्या बढ्दो क्रममा रहेको संयुक्त राष्ट्रसङ्घले सन् २०२३ मा तयार पारेको प्रतिवेदनमा उल्लेख गरेको छ । सन् २०२१ मा प्रति १० जनामा एक जना व्यक्ति (१० प्रतिशत) ६५ वर्षमाथिको देखाएको छ । प्रतिवेदनले यस्तो जनसङ्ख्या सन् २०५० सम्ममा विश्वभरि नै प्रतिछ जना व्यक्तिमध्ये एक जना ६५ वर्ष (१६ प्रतिशत) भन्दा माथिको हुने अनुमान गरेको छ ।*

*सार्क राष्ट्रमा ६० वर्षमाथिको उमेर समूहको जनसङ्ख्या ६.९४ प्रतिशत रहेको तथ्याङ्क छ । नेपालमा पनि ज्येष्ठ नागरिकको जनसङ्ख्याको कुल जनसङ्ख्याको अनुपात बढ्दो छ । आमाबाबाप्रतिको आफ्नो दायित्व बिर्सने सन्तानलाई कानुनी कारबाहीमा ल्याई उत्तरदायी बनाउन सबैले पहल गरौं । तिनै तहका सरकारले स्थान अनुसार ज्येष्ठ नागरिकको आवश्यकता पहिचान गरी नीति, योजना कार्यक्रम र बजेटको प्राथमिकतामा राखी ज्येष्ठ नागरिकको मर्यादित जीवनका लागि विशेष जोड दिन आवश्यक छ ।*


**मधेश प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**कृषि विकास निर्देशनालय**

# कृषि ज्ञान केन्द्र

**जलेश्वर,महोत्तरी**

Email: akcmahottari@gmail.com
Website: akcmahottari.p2.gov.np
Phone: 044520495, 9854032245

**प्राङ्गारिक तथा जिवाणु मल, गडयौंले मल तथा कृषि चुन आपुर्तिको लागि आपुर्तिकर्ता संस्था/फर्म/कम्पनी सूचिकृत तथा प्रति के.जी.दरभाउ सहित सिलवन्दी आवेदन/प्रस्ताव आव्हान सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति: २०८१/१२/२०**

कृषि ज्ञान केन्द्र, महोत्तरीको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारमाटो स्वास्थ्य सुधार कार्यक्रम अन्तर्गत प्राङ्गारिक तथा जिवाणुमल, गडयौंले मल तथा कृषि चुन महोत्तरी जिल्लाका कृषकहरुलाई अनुदानमा बितरण गर्नु पर्ने भएकोले "प्राङ्गारिक तथा जिवाणुमल निर्देशिका, २०७८" अनुसार आपूर्तिकर्ताले उपलब्ध गराउन सक्ने मल तोकिएको गुणस्तर सहित सम्बन्धित निकायमा सूचीकरण भएको र मल बिक्रीको लागि बिक्रेता प्रमाण पत्र लिएको आपूर्तिकर्ताहरुले प्रति इकाई दरभाउ सहितको शिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन भएको मितिले १६औं दिन (मिति २०८२/०१/०४ गते) १२:००बजे भित्र निर्धारित ढाँचामा विस्तृत विवरण उल्लेख गरी हरेक पानामा आवेदकले सही छाप गरी प्रमाणित गरेको आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । आवेदकको सहि छाप नभएको पाना मान्य नहुने तथा स्वत: रद्द हुने छ । प्राप्त प्रस्तावहरु मध्ये न्यून्तम मूल्यको आधारमा अनुदान स्विकृत हुने तथा प्राप्त प्रस्तावहरु मध्ये छनौट सूचिमा परेका आपूर्तिकर्ताहरुसँग प्रति ईकाई आपूर्ति सम्झौता गरी यस कार्यालयद्वारा छनौट भई सिफारिस गरिएका अनुदानग्राही कृषकलाई बिक्री (आपूर्ति) गरी कुल लागत मध्ये अनुदानग्राही कृषक दायित्वको रकम कृषकबाट नै बुझि लिई मल आपूर्ति/बिक्री गरेको परिमाणको आधारमा बिल भरपाई लगायतका कागजात पेश गरी तोकिएको अनुदान रकम मात्र भुक्तानी पाउने गरी निर्धारित आपूर्ति प्रकृया अनुसार कार्य संचालन हुनेछ। आवेदन प्रस्ताव फाराम यस कार्यालयबाट प्राप्त गर्न सकिन्छ। नियमानुसार दर्ता हुन आएका शिलबन्दी प्रस्ताव फारम १६औं (मिति २०८२/०१/०४ गते) दिनको दिउँसो २:००बजे सम्बन्धित कार्यालयको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । अन्य विस्तृत जानकारी आवेदन फाराममा उल्लेख गरिएको छ। आवेदन प्रस्ताव पत्र सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

**कृषि ज्ञान केन्द्र, महोत्तरी**


### तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: पिछडेको साथी मिल्ने
मिथुन: मित्रतामा फाटो आउने
कर्कट: पढाईमा ध्यान दिनुपर्ने
सिंह: अनावश्यक चिन्ता
कन्या: अनावश्यक खर्चको संभावना
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: आम्दानी हुने
धनु: खानपानमा समस्या आउने
मकर: मनमा पछुतो आउने
कुम्भ: लामो यात्राको योग छ
मीन: शुभ कार्यको शुरुवात


### मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलवार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# जर्मनीमा मुद्रास्फीति घट्यो, अमेरिका-युरोप व्यापार विवादले नयाँ चुनौती ल्याउन सक्ने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ चैत्र




जर्मनीको मुद्रास्फीति दर मार्च महिनामा केही घटेको देखिएको छ। यद्यपि, विश्लेषकहरूले व्यापार तनावका कारण आगामी दिनमा उपभोक्ता मूल्यहरू पुन: बढ्न सक्ने चेतावनी दिएका छन्।

जर्मनीको वार्षिक मुद्रास्फीति मार्चमा २.२ प्रतिशत रहेको छ, जुन फेब्रुअरी महिनाको २.३ प्रतिशत भन्दा कम हो। यो तथ्याङ्क जर्मनीको सङ्ख्या विभाग डेस्टाटिसले सार्वजनिक गरेको हो। यद्यपि, वित्तीय सेवा कम्पनी 'प्याक्टसेट' द्वारा गरिएको सर्वेक्षण अनुसार विश्लेषकहरूले मुद्रास्फीति दर २.१ प्रतिशत हुने अपेक्षा गरेका थिए। सार्वजनिक ऋणदाता केएफडब्लुको अर्थशास्त्री स्टेफनी शोनवाल्डका अनुसार ऊर्जा मूल्यहरूमा गिरावट आउनु र युरोपियन युरोको अमेरिकी डलरको तुलनामा मजबुत हुनु मुद्रास्फीति घट्नुको मुख्य कारण हो।

युरो बलियो हुँदा अन्य देशहरूबाट आउने वस्तुहरू सस्तो पर्न जाने भएकाले आयातित सामानहरूको मूल्य घट्ने गरेको छ। तर, आगामी दिनहरूमा अमेरिका र युरोपबीचको सम्भावित 'भन्सार शुल्क विवाद' ले मुद्रास्फीति पुन: बढाउन सक्ने खतरा रहेको शोनवाल्डले बताए। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अप्रिल २ देखि व्यापार असन्तुलन भएका देशहरूका लागि नयाँ भन्सार शुल्क लगाउने घोषणा गर्नुभयो। यी शुल्कहरू कुन देशमा कति मात्रामा लागू हुन्छन् भन्ने अझै स्पष्ट भइसकेको छैन।

# 'चमेलीको पोइ'मा जोडिए मुकुन र सुरक्षा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ चैत्र



एभरेष्ट सूर्य बोहोराको निर्देशन रहने फिल्म 'चमेलीको पोइ'को मुख्य भुमिकामा मुकुन भुसाल र सुरक्षा पन्त अनुबन्धित भएका छन्। निर्देशक बोहराले फिल्ममा पन्त र भुसाल भित्रिएको जानकारी दिए। फिल्मका लागि यस अगाडि कलाकार नारायाण त्रिपाठी भित्रिएका थिए।

नयाँ बर्ष ०८२ को पहिलो दिन शुभमुर्हूतसँगै सुटिङ सुरु हुने फिल्ममा बिल्सन बिक्रम राई (तक्मे बुढो), रविन्द्र झा, रजनी गुरुङ, अंशु महर्जन, उमेश राई (फुलन्देकी आमा), बबिन राई (गल्फने), खड्गबहादुर पुन (खबपु), अनुश्का नारायण, मिरा गौतम, अनिल गुरुङ, गणेश गौतम, रितु मल्ल ठकुरी, धनलक्ष्मी बोहरा, मिरा आरएल शाही ठकुरी, प्रकाश कँडेल, बिनोद बज्राचार्य, कपिल आचार्य, प्रदीपकुमार सापकोटा, सुनीता सापकोटा, रामनारायण उपाध्याय र निर्देशक बोहराको समेत अभिनय रहनेछ। एभरेष्ट सूर्य बोहरा फिल्मस्सँगको सहनिर्माणमा धन लक्ष्मी सिने मेकर्सको निर्माण रहने फिल्मका निर्माताामा सुनीता सापकोटा र रामनारायण उपाध्याय, कार्यकारी निर्मातामा उदय बिक्रम राणा र रितु मल्ल ठकुरी रहनेछन्।

प्रदिपकुमार सापकोटा, कपिल आचार्य, यमप्रसाद ओली, यम बराल, नारायण त्रिपाठी र सुदिप कुँवर सहनिर्माता रहेको फिल्म निर्देशक बोहरा स्वयम्ले लेखेका हुन।

# यस्तो छ आजका लागि निर्धारित विदेशी मुद्राको विनिमय दर




जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ चैत्र

नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिदर १३६ रुपैयाँ ४६ पैसा र बिक्रीदर १३७ रुपैयाँ ०६ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिदर १४७ रुपैयाँ ६३ पैसा र बिक्रीदर १४८ रुपैयाँ २८ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिदर १७६ रुपैयाँ ६३ पैसा र बिक्रीदर १७७ रुपैयाँ ४० पैसा, स्विस फ्याङ्क एकको खरिददर १५४ रुपैयाँ ९२ पैसा र बिक्रीदर १५५ रुपैयाँ ६० पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८५ रुपैयाँ ३० पैसा र बिक्रीदर ८५ रुपैयाँ ६८ पैसा, क्यानेडियन डलर एकको खरिदर ९५ रुपैयाँ ०८ पैसा र बिक्रीदर ९५ रुपैयाँ ५० पैसा, सिङ्गापुर डलर एकको खरिददर १०१ रुपैयाँ ६८ पैसा र बिक्रीदर १०२ रुपैयाँ १३ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिदर नौ रुपैयाँ १४ पैसा र बिक्रीदर नौ रुपैयाँ १८ पैसा, चिनियाँ युआन एकको खरिदर १८ रुपैयाँ ८१ पैसा र बिक्रीदर १८ रुपैयाँ ९० पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ३८ पैसा र बिक्रीदर ३६ रुपैयाँ ५४ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ४४ पैसा र बिक्रीदर ३७ रुपैयाँ ६० पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ०२ पैसा र बिक्रीदर चार रुपैयाँ ०४ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ १५ पैसा र बिक्रीदर ३७ रुपैयाँ ३२ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ७५ पैसा र बिक्रीदर ३० रुपैयाँ ८९ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ २५ पैसा र बिक्रीदर नौ रुपैयाँ २९ पैसा, स्विडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ ६१ पैसा र बिक्रीदर १३ रुपैयाँ ६७ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ७९ पैसा र बिक्रीदर १९ रुपैयाँ ८७ पैसा तोकिएको छ।

# अश्वनीको अविस्मरणीय 'डेब्यु'

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ चैत्र




अश्वनी कुमारले आफ्नो 'डेब्यु' मा सनसनी प्रदर्शन गरेपछि मुम्बई इन्डियन्सले इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटको यस सिजनमा पहिलो जित हात पारेको छ। अश्वनीको ४ विकेटको प्रभावमा मुम्बईले सोमबार कोलकाता नाइट राइडर्सलाई ८ विकेटले पराजित गऱ्यो।


पाँच पटकको च्याम्पियन मुम्बई पहिलो दुई खेलमा पराजित रहेको थियो। तर घरेलु मैदानमा पहिलो खेल खेलिरहेको मुम्बईबाट अश्वनीले सानदार 'डेब्यु' गरे। पञ्जाबबाट आएका २३ वर्षे देब्रेहाते सिमरले आफ्नो पहिलो बलमै कोलकाताका कप्तान अजिन्का रहानले आउट गरे। आईपीएलको आफ्नो पहिलो खेलको पहिलो बलमै विकेट लिने उनी पहिलो भारतीय बलर हुन्। त्यसपछि उनले रिंकु सिंहलाई आउट गरे भने मनीष पाण्डे र एन्ड्रे रसेललाई बोल्ड गरे। आफ्नो पहिलो खेलमै आईपीएलमा ४ विकेट लिने अश्वनी पहिलो भारतीय बलर पनि हुन्।

अन्य ५ अवसरमा भने योखाले सफलता सबै विदेशी बलरको नाममा थियो। अश्वनीको प्रयासमा टस हारेपछि ब्याटिङको निम्तो पाएको कोलकाता १६.२ ओभरमा १ सय १६ रनमा अलआउट भयो। प्लेयर अफ द म्याच अश्वनीले ३ ओभरमा २४ रन खर्चेर ४ विकेट लिएका हुन्। दीपक चाहारले २ ओभरमा १९ रन खर्चेर २ तथा ट्रेन्ट बोल्ट, कप्तान हार्दिक पाण्ड्या, भिग्नेश पुथुर र मिचेल सान्टनरले १-१ विकेट लिए। कोलकाताबाट अंकृश रघुवंशीले १६ बल खेली ३ चौका र १ छक्कासहित सर्वाधिक २६ रन बनाए।

तल्लो क्रममा रमनदीप सिंहले १२ बल खेली १ चौका र २ छक्कासहित २२ रन बनाए। उनी आउट हुने अन्तिम खेलाडी थिए। पहिलो ओभरमै बोल्टले सुनील नराइनलाई शून्यमा बोल्ड गरेका थिए। क्विन्टन डी कक १, रहाने ११, बैंकटेस ऐर ३, रिंकु १७, पाण्डे १९, रसेल ५ र हर्षित राना ४ रनमा आउट भए।







# राजावादी आन्दोलनमा गणतन्त्र पक्षधरले भारतलाई जोड्नु कति स्वाभाविक ?

-गणतन्त्र घोषणा भएको झण्डै २ दशक पुग्नलाग्दा नेपालमा राजालाई निर्मल निवासबाट नारायणहिटी दरबारमा ल्याउन चाहने शक्तिहरूको भीडमा बढोत्तरी भएको छ । नेपालमा संविधान सभाबाट राजतन्त्र अन्त्य भएको थियो । तर, विश्वकै उत्कृष्ट व्यवस्था मानिने गणतान्त्रिक व्यवस्थामा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले राजसंस्था फर्काउने गरी विद्यमान व्यवस्थामा निर्वाचन लड्दै आइरहेको छ ।

कमल थापा होस् या राजेन्द्र लिङ्देन, राजा फर्काउने मुद्दालाई चुनावी मुद्दा बनाएर जनतामा गई नेपालमा राजसंस्थाप्रतिको नेपाली रुझान लिँदै आएका छन् । संसद् र मन्त्रीको हैसियतमा विभिन्न सेवासुविधा प्राप्त गर्दै आइरहेको गणतान्त्रिक संसद्मा राप्रपाका सांसदहरू आजभोलि देशमा रक्तपात मच्चाएर ज्ञानेन्द्रलाई गद्दीमा विराजमान गराउन चाहन्छन् । राप्रपाको जुनसुकै 'भेरियन्ट' भएपनि त्यसको प्रधान कार्यालय निर्मल निवास नै रहँदैआएको तथ्यबारे सबै अवगत नै हुनुपर्छ । निर्वाचनबाट नारायणहिटी प्रवेश गर्न सकिँदैन भन्ने ठम्याइपश्चात ज्ञानेन्द्रले अभद्र शैलीका शिरोमणि भनेर चिनिने दुर्गा प्रसाईंलाई २ वर्ष पहिला झापा पुगेर मद्दतको गुहार लगाएका थिए । ज्ञानेन्द्रमा विष्णुको अवतार देख्ने सम्पूर्ण पञ्चेहरूलाई अहिले प्रसाईंको कमान्डमा राजसंस्था ल्याउन हिंस्रक आन्दोलन गर्न उर्दी जारी भएको छ । हिंसा यस्तो कि एकजना पत्रकार र एक सर्वसाधारणले ज्यान गुमाउनुपर्‍यो । मिडिया हाउसमा तोडफोड र निजी सम्पत्तिमा आगजनी भयो ।

नेपालको संविधान जारी भएपश्चात अहिलेसम्म प्रमुख भनाउँदा राजनीतिक दलहरूले गणतन्त्रको कति सबलीकरण गर्न सफल भए, त्यसको समीक्षा सापेक्षिक होला, तर आमनेपालीको नजरमा ती दलका प्रमुख नेताहरूको 'फेस भ्यालु' विश्वसनीय रहन सकेको देखिँदैन । यही कारण हो, जसले ज्ञानेन्द्र शाहलाई फागुन ७ गतेको मन्तव्यमार्फत निराशाको बजारीकरण गर्न अभिप्रेरित गरेको थियो । फागुन २५ गते काठमाडौंमा जुटाइएको 'समन्वयात्मक भीड' र चैत १५ को हिंस्रक लुटपाटपश्चात नेपालमा राजसंस्था फर्किने भाष्य शहरबाट गाउँ प्रवेश गरेको अनुभूति सहजै गर्न सकिन्छ । सामाजिक सञ्जालको अतिरञ्जनापूर्ण कन्टेन्ट (मिसइन्फर्मेसन र डिसइन्फर्मेसन)ले राजसंस्था वापसीको चर्चा लामो जान नसके पनि राजसंस्थावादीहरूले सडक प्रदर्शनको निरन्तरताको माध्यमबाट यसलाई गम्भीर बहसको विषय बनाउने नै छ । नेपालमा वर्तमान व्यवस्थाभित्र सत्ताको रजगजमा रमाउने ठूला दलका पाका र केही तन्नेरी भनाउँदा नेताहरूको विस्थापन चाहने मनोविज्ञानले नेपालमा आन्दोलन(हरू) होस् भन्ने चाहना राख्दै आइरहेको छ । नेपाली राजनीतिमा सत्ता निर्माणका त्रिमूर्ति र यिनको पालामा जारी बहुचर्चित काण्डहरूबाट आजित महसुस गर्ने नेपाली नागरिकको जमात ठूलो छ । बरु राजतन्त्र नै ठीक थियो भन्ने लहरमा लय मिलाउनेहरू पनि छन् । फागुन २५ गतेको प्रदर्शनमा भारतको उत्तर प्रदेशको मुख्यमन्त्री योगी आदित्यनाथको एकथान फोटो लिएर सहभागी भएको व्यक्तिको हर्कतलाई बहाना बनाएर भारत नेपालमा राजा फर्काउन चाहन्छ भन्ने चर्चाले बजार पिट्न थालेको छ ।

भारतकै बलमा ज्ञानेन्द्र गद्दीमा फर्कन चाहन्छन् भनी एकथरि नागरिक समाजले लिखित विज्ञप्ति सार्वजनिक गर्दै भनेका छन् कि ज्ञानेन्द्र शाह गद्दीमा फर्कन उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथसँग पटक-पटक भेट्दै आएका छन् । यो नागरिक समाजको एक विशेष समूह हो । अर्को नागरिक समाजको तप्का छ, जसले पशुपतिको पुजारी, जनकपुर-अयोध्या सम्बन्ध, राजसंस्था र गुरु गोरखनाथको पौराणिकतालाई केन्द्रमा राखेर हिन्दूत्वको आवरणमा भारतीय सहयोग गुहारेको जस्तो प्रतीत हुन्छ । नेपालका कथित कम्युनिस्ट नेताहरूको आदर्श कार्लमार्क्स, माओ र स्टालिन हुन सक्छन् भन्ने हिन्दूत्वलाई राजनीतिक सिद्धान्त मान्दै आएका नेताहरूको आदर्श आदित्यनाथ किन हुन सक्दैनन् भन्ने टिप्पणीहरू यस्तै पृष्ठभूमिको उपज हो । दलतन्त्रप्रति बढ्दो अलोकप्रियतालाई योगी आदित्यनाथको फोटो लिएर ज्ञानेन्द्र शाहलाई स्वागत गरेको भावनात्मक घटनाले मात्र ढाकछोप गर्ने अवस्था छैन । के एमाले पार्टी र काठमाडौंका शक्तिशाली नागरिक समाजले हल्ला पिटेझैं राजावादीको आन्दोलनमा भारतीय भूमिका छ त ? यो लेख यसै विषवस्तुमा केन्द्रित रहेको छ ।




नेपालमा राजसंस्था पक्षधर र वर्तमान सत्ता गठबन्धनका नेताहरूबीच शाब्दिक लडाईं चलिरहेका बेला मार्च १७ देखि १९ सम्म भारतको राजधानी नयाँ दिल्लीमा राइसिना संवादको १०औं संस्करण सम्पन्न भएको छ । यस वर्ष उक्त संवादको साक्षी किनारामा बस्ने मौका मैले पनि पाएको थिएँ । विश्वका १९० देशबाट लगभग २५ सय जनाको प्रतिनिधित्व रहेको तीन दिवसीय कार्यक्रमको थिम थियो- 'कालचक्र: पीस, पिपुल र प्लानेट ।' अर्थात्, वर्तमान समयचक्र र उपपाठ (सब टेक्स्ट)को अर्थ भनेको मानव, शान्ति र ग्रह (पृथ्वी) । राइसिनामा चलेको लगभग ५० वटै सेसन यिनै विषयवस्तुमा केन्द्रित थिए । आर्थिक वृद्धिदरमा एक नम्बर रहेको भारतले केही वर्षमा विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्न आफ्नो ध्यानकेन्द्रित गरेको देखिन्छ । एसिया, अफ्रिका, युरोप, अमेरिका सबै ब्लकलाई एउटा मञ्चमा राखेर भारतको विदेशमन्त्रीले शुल्क प्रतिबन्ध र वित्तीय नियन्त्रण मार्फत व्यापारको हतियारीकरणविरुद्ध चिन्ता व्यक्त गर्नुका साथै विश्वमा आधारित साझेदारीको आवश्यकतामा जोड दिन भनिरहेका थिए । क्वाड (भारत, अमेरिका, अस्ट्रेलिया र जापान सम्मिलित चतुर्भुज सुरक्षा संवाद)का नेताहरूले हिन्द महासागर क्षेत्रमा चीनको दृढ समुद्री उपस्थितिजस्तो गम्भीर विषयमा मन्थन गर्नु राइसिनाको मुद्दा थियो ।

सांभार : लोकान्तर ।





मुखियापट्टी मुसहरनिया गाउंपालिका
गाउं कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल




Notice

R.B.Memorial

Scholarship Scheme-2082

Under

Galaxy Higher Sec.Boa.School

Bajarang Chowk,Janakpurdham-8

Contact : 9801646024,9849386727,98707162441, 041-524969

Form Distribution from 21st Chaitra 2081





प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday